केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/६/०७७/७८

मितिः २०७७/०९/०१

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा यसैसाथ संलग्न तालिका बमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(किरण पण्डित)
का.मु कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
(१०) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(११) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर।
(१२) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

# नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा संशोधन/परिमार्जन थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | बुँदा नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा.निर्देशन नं. २/०७७, बुँदा नं.८ को उपबुँदा २ मा खण्ड (ङ) थप । | हाल नभएको । | **(ङ) व्यक्तिगत आवासिय घर कर्जा, सवारी साधन कर्जा लगायतका व्यक्तिगत कर्जा लिने ग्राहकहरुको कर्जा भुक्तानीको श्रोत अति तथा मध्यम प्रभावित क्षेत्रका व्यवसायहरु रहेको भएमा त्यस्ता ऋणीहरुले लिएको कर्जाको हकमा समेत यो व्यवस्था लागु गर्न सकिने छ ।** |
| २. | इ.प्रा. निर्देशन नं. २/०७७ को बुँदा नं १५ को उपबुँदा (क) मा खण्ड (१) थप गरी क्रमसंख्या मिलान । | हाल नभएको । | (१) ऋणीको नाममा रहेको शेयरको खण्ड (२) बमोजिम मूल्यांकन गरी रोक्का गरे पश्चात मात्र यस्तो कर्जा प्रवाह गर्नुपर्नेछ । |
| ३. | इ.प्रा. निर्देशन नं. २/०७७ को बुँदा नं १५ को उपबुँदा (क) को खण्ड ४ मा संशोधन । | (४) देहायका अवस्थामा रहेका संस्थाहरुको सेयरको धितोमा कर्जा प्रदान गर्न पाइने छैन ।<br>(क) यस बैंकबाट समस्याग्रस्त घोषणा भएका वा निर्देशन बमोजिम पुँजी कोष अनुपात कायम नगरेका बैंक तथा वित्तीय संस्थाहरु<br>(ख) नेटवर्थ ऋणात्मक भएका संस्थाहरु,<br>(ग) नेपाल स्टक एक्सचेन्ज लिमिटेडले सूचीकरणबाट हटाइएका (Delisted) संस्थाहरु,<br>(घ) आर्थिक वर्ष समाप्त भएको एक वर्ष अवधि पुरा हुँदा समेत अन्तिम लेखा परीक्षण नगर्ने संस्थाहरु, | (४) देहायका अवस्थामा रहेका संस्थाहरुको सेयरको धितोमा कर्जा प्रदान गर्न पाइने छैन ।<br>(क) यस बैंकबाट समस्याग्रस्त घोषणा भएका वा निर्देशन बमोजिम पुँजी कोष अनुपात कायम नगरेका बैंक तथा वित्तीय संस्थाहरु<br>(ख) नेटवर्थ ऋणात्मक भएका संस्थाहरु,<br>(ग) नेपाल स्टक एक्सचेन्ज लिमिटेडले सूचीकरणबाट हटाइएका (Delisted) संस्थाहरु,<br>(घ) आर्थिक वर्ष समाप्त भएको एक वर्ष अवधि पुरा हुँदा समेत अन्तिम लेखा परीक्षण नगर्ने संस्थाहरु,<br>**(ङ) पछिल्लो तीन वर्ष लगातार नोक्सानीमा रहेका संस्थाहरु,**<br>**(च) व्यवसायिक रुपमा सञ्चालनमा आएको एक वर्ष व्यतित नभएका संस्थाहरु,**<br>**(छ) विगत तीन वर्ष देखि साधारण सभा नगरेका संस्थाहरु,**<br>**(ज) कम्तीमा २५० दिनको कारोबार मूल्य नभएका संस्थाहरु,** |

| | | | |
|---|---|---|---|
| ४. | इ.प्रा. निर्देशन नं. २/०७७ को बुँदा नं १५ को उपबुँदा (क) को खण्ड ५ मा संशोधन । | (५) धितोपत्र विनिमय बजारमा सूचिकृत संस्थाहरुको सेयरको धितोमा कर्जा प्रदान गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थाको आफ्नो कर्जा नीति/निर्देशिकामा स्पष्ट व्यवस्था भई अन्य कर्जा प्रदान गरे सरह अवलम्बन गर्नु पर्ने सम्पूर्ण प्रकिया पुरा गरेको हुनु पर्नेछ । | (५) धितोपत्र विनिमय बजारमा सूचिकृत संस्थाहरुको सेयरको धितोमा कर्जा प्रदान गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थाको आफ्नो कर्जा नीति/निर्देशिकामा स्पष्ट व्यवस्था भई अन्य कर्जा प्रदान गरे सरह अवलम्बन गर्नु पर्ने सम्पूर्ण प्रकिया पुरा गरेको हुनु पर्नेछ । **उक्त कर्जा नीति/निर्देशिकामा धितोको रुपमा लिने सेयरको Price Earning Ratio, Price to Book Value, Dividend Yield, Dividend Payout Ratio जस्ता आधारभूत सूचकांकको विश्लेषण सम्बन्धी व्यवस्था समेत स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।** |
| ५. | इ.प्रा. निर्देशन नं. २/०७७ को बुँदा नं २३ को उपबुँदा (आ) थप गरी क्रमसंख्या मिलान । | हाल नभएको । | **विभिन्न बैंक तथा वित्तीय संस्थाबाट प्रयोजन नखुलेका कुल व्यक्तिगत अधिविकर्ष कर्जा अधिकतम प्रति व्यक्ति रु. ५० लाखसम्म मात्र प्रवाह गर्न सकिनेछ । कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दाका बखत उक्त सीमा ननाघेको यकिन गरेर मात्र कर्जा प्रवाह गर्नु पर्नेछ । यसअघि बहुबैंकिङ कारोबार गरी उक्त सीमाभन्दा बढी कर्जा लिएका ऋणीहरुले २०७८ असार मसान्तसम्म कुल व्यक्तिगत अधिविकर्ष कर्जा रु. ५० लाखसम्म कायम गर्नु पर्नेछ । तोकिएको सीमा नाघी कर्जा प्रवाह गरेमा बैंक तथा वित्तीय संस्थाले उक्त कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।** ***(उदाहरणको लागि कुनै एक व्यक्तिले कुनै एक बैंक वा वित्तीय संस्थाबाट रु. २० लाख व्यक्तिगत अधिविकर्ष कर्जा लिएमा सोहि वा अन्य कुनै बैंक वा वित्तीय संस्थाबाट थप रु. ३० लाखसम्म मात्र व्यक्तिगत अधिविकर्ष कर्जा लिन पाइने छ ।)*** |
| ६. | इ.प्रा. निर्देशन नं. २/०७७ को बुँदा नं ३४ को उपबुँदा ४ थप गरी क्रम संख्या मिलान । | हाल नभएको । | **(४) इजाजतप्रत्रप्राप्त संस्थाले चालु पुँजी प्रकृतिका कर्जा प्रवाह गरे पश्चात् सो कर्जा सम्बन्धित प्रयोजनमा उपयोग भए नभएको यकीन गर्नु पर्नेछ ।** |
| ७. | इ.प्रा. निर्देशन नं. १२/०७७ को बुँदा नं ३ को उपबुँदा १ मा संशोधन । | १)कर्जा प्रवाह गर्न, पुरानो कर्जा नवीकरण गर्न, पुनरसंरचना वा पुनरतालिकीकरण गर्नु अगावै ऋणी/ग्राहकको बारेमा केन्द्रबाट अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्नेछ । यसरी कर्जा सूचना माग भएमा केन्द्रले बढीमा ३ (तिन) कार्य | १) कर्जा प्रवाह गर्न, पुरानो कर्जा नवीकरण गर्न, पुनरसंरचना वा पुनरतालिकीकरण गर्नु अगावै ऋणी/ग्राहकको बारेमा केन्द्रबाट अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्नेछ । यसरी कर्जा सूचना माग भएमा केन्द्रले बढीमा ३ (तिन) कार्य दिनभित्रमा त्यस्तो सूचना दिनु पर्नेछ ।<br>तर, सुनचाँदी, मुद्दती रसिद र सरकारी सुरक्षणपत्र धितो कर्जा, **रु २ लाख** |

| | | | |
|---|---|---|---|
| | | दिनभित्रमा त्यस्तो सूचना दिनु पर्नेछ । तर, सुनचाँदी, मुद्दती रसिद र सरकारी सुरक्षणपत्र धितो कर्जा र रु. १ लाखसम्मको Credit Card कर्जामा भने यो व्यवस्था लागू हुने छैन । | **सम्मको Credit Card कर्जा र संक्षिप्त प्रक्रिया पुरा गरी विद्युतीय माध्यमबाट स्वीकृत हुने रु.२ लाखसम्मको कर्जामा** भने यो व्यवस्था **अनिवार्य** हुने छैन । |
| ८. | इ.प्रा. निर्देशन नं. १२/०७७ को बुँदा नं ४ को उपबुँदा १ मा संशोधन । | ४. **कालोसूचीमा समावेश गर्ने प्रक्रिया**<br>(१) इजाजतपत्रप्राप्त संस्थाले दश लाख रुपैया वा सोभन्दा बढीको कर्जा रकम कालोसूची सम्बन्धी व्यवस्था अन्तर्गत कालोसूचीमा राख्न सिफारिस गर्नु पर्नेछ । यस व्यवस्था अनुसार इजाजतपत्रप्राप्त संस्थाबाट जतिसुकै परिमाणको कर्जा, सापट तथा सुविधा रकम लिई नतिर्ने ऋणीहरुलाई कालोसूचीमा राख्न सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले कर्जा सूचना केन्द्रलाई सिफारिस गर्न बाधा पुगेको मानिने छैन । | ४. **कालोसूचीमा समावेश गर्ने प्रक्रिया**<br>(१) इजाजतपत्रप्राप्त संस्थाले दश लाख रुपैया वा सोभन्दा बढीको कर्जा रकम कालोसूची सम्बन्धी व्यवस्था अन्तर्गत कालोसूचीमा राख्न सिफारिस गर्नु पर्नेछ । यस व्यवस्था अनुसार इजाजतपत्रप्राप्त संस्थाबाट जतिसुकै परिमाणको कर्जा, सापट तथा सुविधा रकम लिई नतिर्ने ऋणीहरुलाई कालोसूचीमा राख्न सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले कर्जा सूचना केन्द्रलाई सिफारिस गर्न बाधा पुगेको मानिने छैन ।<br>**तर, कोभिड-१९ बाट प्रभावित ऋणीको हकमा इ.प्रा.निर्देशन नं. २१ को बुँदा ४७ अनुसार ६ महिना वा सो भन्दा कम अवधीको ब्याज बक्यौता रहेको अवस्थामा कालोसूचीमा समावेश गर्ने प्रक्रिया २०७८ असार मसान्तसम्मका लागि स्थगन गर्नु पर्नेछ ।** |
| ९. | इ.प्रा.निर्देशन नं. १२/०७७, बुँदा नं. २१ मा संशोधन । | २१. यस बैंकको निर्देशन बमोजिम कालो सूचीमा समावेश भएका व्यक्ति, फर्म, कम्पनी, संस्थाले बैंक तथा<br>वित्तीय संस्थामा खाता (कल खाता समेत) खोल्न पाउने छैनन् । साथै कालो सूचीमा रहेको व्यक्ति, फर्म,कम्पनी वा संस्थाको कायम रहेको खातामा रकम जम्मा गर्न बाहेक अन्य बैकिङ्ग कारोबार गर्न पाइने छैन ।<br>तर, दैनिक जीवनयापनको लागि चाहिने आधारभूत आवश्यक खर्चको प्रयोजनको लागि नेपाल सरकारबाट तोकिए बमोजिमको रकमको हदसम्म रकम निकाल्न, नेपाल सरकारलाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर | २१. यस बैंकको निर्देशन बमोजिम कालो सूचीमा समावेश भएका व्यक्ति, फर्म, कम्पनी, संस्थाले बैंक तथावित्तीय संस्थामा खाता (कल खाता समेत) खोल्न पाउने छैनन् । साथै कालो सूचीमा रहेको व्यक्ति, फर्म,कम्पनी वा संस्थाको कायम रहेको खातामा रकम जम्मा गर्न बाहेक अन्य बैकिङ्ग कारोबार गर्न पाइने छैन ।<br>तर, दैनिक जीवनयापनको लागि चाहिने आधारभूत आवश्यक खर्चका प्रयोजनको लागि नेपाल सरकारबाट तोकिए बमोजिमको रकमको हदसम्म रकम निकाल्न, **नेपाल सरकार वा प्रदेश सरकारका विभिन्न निकायवाट अनुदान प्रदान गरिएको अवस्थामा अनुदान रकमको हदसम्म रकम निकाल्न,** नेपाल सरकारलाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुरआदि तिर्न तथा बैंक वा वित्तीय संस्थाको कर्जा नतिरी कालो सूचीमा समावेश भएका व्यक्ति, फर्म, कम्पनी वा संस्थाले ऋण तिर्ने प्रयोजनको लागि मात्र खाता सञ्चालन गर्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन। |

| | | | |
|---|---|---|---|
| | | आदि तिर्न तथा बैंक वा वित्तीय संस्थाको कर्जा नतिरी कालो सूचीमा समावेश भएका व्यक्ति, फर्म, कम्पनी वा संस्थाले ऋण तिर्ने प्रयोजनको लागि मात्र खाता सञ्चालन गर्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन। | |
| १०. | इ.प्रा. निर्देशन नं. १५/०७७ को बुँदा नं १ मा उपबुँदा २ थप गरी क्रमसंख्या मिलान । | (२) हाल नभएको । | (२) **कल निक्षेप बाहेकका ब्याज प्रदान गरिने निक्षेप खाताहरुमा दिइने अधिकतम र न्यूनतम ब्याजदर बीचको अन्तर ५ प्रतिशत विन्दु भन्दा बढीले फरक पार्न पाईने छैन ।**<br>**तर, सामाजिक सुरक्षा भत्तावापतको रकम मात्र जम्मा हुने व्यक्तिगत निक्षेप खाता तथा अक्षयकोष वापतको रकम मुद्दती निक्षेपको रुपमा स्वीकार गर्दा बैंक तथा वित्तीय संस्था र ग्राहक बीचको आपसी सहमतिमा माथि उल्लेखित ब्याजदर भन्दा बढी हुने गरी ब्याजदर कायम गर्न यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।** |
| ११. | इ.प्रा.निर्देशन नं. १५ /०७७, बुँदा नं ३ (५) को प्रतिवन्धात्मक वाक्यांशमा संशोधन । | तर, विपन्न वर्ग कर्जाको हकमा आधारदरभन्दा कम ब्याजदरमा समेत कर्जा प्रवाह गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन । | तर, **प्रत्यक्ष रुपमा** विपन्न वर्गमा प्रवाह गरिने कर्जाको हकमा आधारदरभन्दा कम ब्याजदरमा समेत कर्जा प्रवाह गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन । साथै, यस अघि अप्रत्यक्ष रुपमा विपन्न वर्गमाप्रवाह गरिएको कर्जाको हकमाआधार दरभन्दा कम नहुने गरी २०७८ आषाढ सम्म ब्याजदर नियमित गर्नुपर्नेछ । |
| १२. | इ.प्रा. निर्देशन नं. १५/०७७ को बुँदा नं ३ को उपबुँदा १४ मा खण्ड (च) थप । | हाल नभएको । | **(च) उपबुँदा (क) अनुसारको कर्जा अवधी भर परिवर्तन नहुने गरी प्रवाहित कर्जामा ऋणीसँगको लिखित सहमतिमा पहिलो पटक ७ वर्षमा र तत्पश्चात प्रत्येक ५ वर्षमा ब्याजदर पुनरावलोकन गर्न सकिने छ ।** |
| १३. | इ.प्रा.निर्देशन नं. १७/०७७, १७.१ स्पष्टिकरणमा संशोधन । | कृषि क्षेत्र' भन्नाले (क) अन्न, तरकारी तथा अन्य नगदे वाली, (ख) चिया/कफी, सुर्ति, सनपाट, फलफुल तथा पुष्प खेती, (ग) पशु, पंक्षी तथा माहुरी पालन, (घ) मलखाद तथा किटनाशक, (ङ) शीत भण्डारण, (च) सिँचाई, (छ) वन, (ज) पशु वा पन्छी वधशाला (झ) अन्य कृषि तथा कृषिजन्य सेवाहरु (ञ) माछापालन, ( | **'कृषि क्षेत्र' भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची ४ बमोजिम हुनेछ ।** |

| | | | |
|---|---|---|---|
| | | यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. १ र २ बमोजिमको) क्षेत्रहरुलाई जनाउने छ। त्यसैगरी कृषि क्षेत्र अन्तर्गत (क) कृषि औजार, (ख) मल, (ग) विउ-विजन, (घ) पशुपंक्षी-दाना, (ङ) कृषि उत्पादन भण्डारण र (च) चिया, कफी, अदुवा र फलफुल प्रशोधन तथा आन्तरिक कृषि उपजको प्राथमिक रुपमा हुने प्रशोधन समेत पर्नेछ। | |
| १४. | इ.प्रा. निर्देशन नं. २०/०७७ को बुँदा नं ८ को उपबुँदा (ख) को खण्ड (अ) मा संशोधन तथा खण्ड (आ) थप गरी क्रमसंख्या मिलान। | (अ) ईजाजतपत्रप्राप्त "क", "ख" र "ग", वर्गका बैंक तथा वित्तीय संस्थाले कर्जा स्वीकृति गर्दा सेवा शुल्क वापत क्रमशः अधिकतम ०.७५ प्रतिशत, १.०० प्रतिशत, १.२५ प्रतिशतसम्म मात्र सेवा शुल्क लिन पाईनेछ।<br>तर, प्रतिवद्धता शुल्क, अग्रिम भुक्तानी शुल्क, कर्जा स्वाप हुँदा लिने स्वाप शुल्क तथा नवीकरण हुने प्रकृतिका कर्जामा लिने नवीकरण शुल्कको हकमा माथि उल्लेखित सेवा शुल्कको अधिकतम २० प्रतिशतसम्म शुल्क लिन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन। | (अ) ईजाजतपत्रप्राप्त "क", "ख" र "ग", वर्गका बैंक तथा वित्तीय संस्थाले कर्जा स्वीकृति गर्दा सेवा शुल्क वापत क्रमशः अधिकतम ०.७५ प्रतिशत, १.०० प्रतिशत, १.२५ प्रतिशतसम्म मात्र सेवा शुल्क लिन पाईनेछ।<br>तर, प्रतिवद्धता शुल्क र नवीकरण हुने प्रकृतिका कर्जामा लिने नवीकरण शुल्कको हकमा माथि उल्लेखित सेवा शुल्कको अधिकतम २० प्रतिशतसम्म तथा **देहाय अनुसार अग्रिम भुक्तानी शूल्क वा ऋणीले बैंक परिवर्तन गर्दा लिने कर्जा स्वाप शुल्क** लिन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन :–<br>***क) कर्जाको अग्रीम भुक्तानी शूल्क:*** **कर्जा प्रवाह भएको २ वर्ष भित्र कर्जाको अग्रीम भुक्तानी भएमा खण्ड (अ) मा उल्लेखित सेवा शुल्कको अधिकतम शत प्रतिशतसम्म, २ वर्ष देखी ५ वर्ष भित्र कर्जा चुक्ता भएमा खण्ड (अ) मा उल्लेखित सेवा शुल्कको अधिकतम ५० प्रतिशतसम्म र ५ बर्ष भन्दा पछि कर्जा चुक्ता भएमा माथि उल्लेखित सेवा शुल्कको अधिकतम २० प्रतिशतसम्म।**<br>***ख) कर्जा स्वाप शूल्क:*** **कर्जा प्रवाह भएको २ वर्ष भित्र बैंक परिवर्तन गरेमा वक्यौता रकममा खण्ड (अ) मा उल्लेखित सेवा शुल्कको अधिकतम शत प्रतिशतसम्म, २ वर्ष देखी ५ वर्ष भित्र बैंक परिवर्तन गरेमा वक्यौता रकममा खण्ड (अ) मा उल्लेखित सेवा शुल्कको अधिकतम ५० प्रतिशतसम्म र ५ वर्ष पछि बैंक परिवर्तन गरेमा वक्यौता रकममा खण्ड (अ) मा उल्लेखित सेवा शुल्कको अधिकतम २० प्रतिशतसम्म।**<br>**(आ) स्थिर व्याजदरमा प्रवाह भएका आवधिक कर्जाको हकमा ऋणी संगको सहमतिमा कर्जा स्वीकृति पत्रमा उल्लेख भएबमोजम खण्ड (अ) मा उल्लेखित सेवा शुल्कको शत प्रतिशत अग्रिम भुक्तानी शुल्क वा स्वाप शुल्क लिन सकिने छ।** |

| | | | |
|---|---|---|---|
| १५. | इ.प्रा. निर्देशन नं. २१/०७७ को बुँदा नं ४७ थप गरी क्रमसंख्या मिलान । | **हाल नभएको ।** | **(४७) कोभिड-१९ बाट प्रभावित ऋणीको हकमा ६ महिना भन्दा बढीको ब्याज बक्यौता नरहेको अवस्थामा धितो लिलामी प्रक्रिया २०७८ असार मसान्तसम्मका लागि स्थगन गर्नु पर्नेछ ।**<br>**यस प्रयोजनका लागि, कोभिड-१९ बाट प्रभावित ऋणीले आफ्नो उद्योग व्यवसाय तथा आयश्रोतबाट सम्पुर्ण किस्ता भुक्तान गर्न नसकि ब्याज बक्यौतामात्र चुक्ता गर्न चाहेमा सोको विवरण तथा विस्तृत जानकारी लिखित रुपमा माग गरी बैंक तथा वित्तीय संस्थाले किस्ताको ब्याज मात्र असूल उपर गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।** |